सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क ०७ भाद्र २२ आईतबार


# राष्ट्रिय गौरव कि जनताको पीडा ?

राष्ट्रिय गौरवका नाममा सुरु गरिएका ठूला आयोजना आमजनताको सपना मात्र होइन, देशको विकासको मेरुदण्ड हुन्। तर दुःखद विडम्बना के छ भने, त्यस्ता आयोजनामध्ये धेरै अलपत्र पारिएका छन्। रुकुमपूर्व हुँदै जाने मध्यपहाडी लोकमार्ग र सहिदमार्ग त्यसैको प्रत्यक्ष उदाहरण बनेका छन्। सरकारकै प्राथमिकतामा परेको, बजेट विनियोजन भएको र ठेक्का सम्झौता सम्पन्न भइसकेको आयोजना वर्षौं बितिसक्दा पनि अधुरो र अव्यवस्थित रहनु भनेको असक्षम्यता र गैरजिम्मेवारीको चरम नमुना हो। रुकुमपूर्व खण्डमा केही अंश कालोपत्रे भए पनि न त गुणस्तरीय देखिन्छ, न त नियमित मर्मत–सम्भारको संस्कृति बसाइएको छ। पानीको निकास नभएकाले भल सडकमै पस्छ, पहिरोले सडक अवरुद्ध हुन्छ, कतै सडक हिलाम्य त कतै खाल्डाखुल्डी। यसरी बनेका सडकले सरकारको करोडौं लगानी खेर गएको छ मात्र होइन, सर्वसाधारणको जीवनलाई अझ बढी जोखिममा धकेलेको छ। सडक सहज यातायातको माध्यम होइन, यात्रुको साहस परीक्षण गर्ने कष्टकर बाटो बनेको छ।

अझ गम्भीर प्रश्न के हो भने, जिम्मेवार निकायहरू आफ्नो दायित्वबाट पन्छिँदै स्थानीय सरकारको मुख ताकिरहेका छन्। राष्ट्रिय गौरव आयोजनाको कार्यालय दैलेखमा छ तर फोन बन्द गरेर बस्ने अधिकारी र फिल्डमै उपस्थित नभएका ठेकेदारका कारण यहाँका जनतालाई गाउँपालिका र जिल्ला प्रशासनसँग हारगुहार गर्नुपर्ने बाध्यता छ। के यही हो "राष्ट्रिय गौरव आयोजना" ? सत्य त के हो भने, सरकारले ठेक्का दिएको मात्र पर्याप्त हुँदैन। समयमै काम सम्पन्न गर्न दवाव सिर्जना गर्ने, गुणस्तर अनुगमन गर्ने र आवश्यक भए कारबाही गर्ने दायित्व राज्यको हो। तर जब राज्य आफैं उदासीन हुन्छ, ठेकेदार नाफामुखी उद्यमी मात्रै बन्न पुग्छ र आयोजना "विकास" होइन "जनताको पीडा" को पर्याय बन्छ।

अब सरकार र सम्बन्धित निकायले यो यथार्थलाई नजरअन्दाज गर्न सक्दैनन्। जनताको धैर्यको पनि सीमा हुन्छ। मध्यपहाडी लोकमार्गको अधुरोपन र अव्यवस्थित अवस्था तत्काल सुधार नगर्ने हो भने, यो आयोजना गौरव होइन, असफलताको प्रतिमूर्ति बन्नेछ। ठेकेदारलाई दण्ड–सजायसहित कारबाही गर्नुपर्छ, जिम्मेवार अधिकृतलाई जवाफदेही बनाउनुपर्छ र दीर्घकालीन मर्मत सम्भार प्रणाली स्थापित गर्नुपर्छ।




**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# मध्यपहाडी लोकमार्ग अलपत्र, स्थानीय सरकारको मुख ताक्दै



❖ *साप्ताहिक संवाददाता रुकुमपूर्व*

नेपाल सरकारकै प्राथमिकतामा परेको राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग र सहिदमार्ग रुकुमपूर्वमा लामो समयदेखि अलपत्र छाडिएको छ। सरकारले ठेकेदारमार्फत बजेट उपलब्ध गराएर गुणस्तरीय ढङ्गले काम गर्न निर्देशन दिँदै आए पनि काम समयमै सम्पन्न नहुँदा मात्रै नभई बनेका खण्डको समेत मर्मत सम्भार नभएकाले सरकारको लगानी बालुवामा पानी हाले सरह खेर गइरहेको देखिन्छ। मध्यपहाडी लोकमार्गलाई ग्रामीण भेगमा पहुँच विस्तार र नागरिकलाई सहज यातायात सुविधा दिने सपना बोकेर अघि बढाइएको थियो। तर रुकुमपूर्व खण्डमा यो सपना कागजमै सिमित हुन थालेको छ। सडक अलपत्र हुँदा जनताले भरपर्दो र सुरक्षित सुविधा पाउन सकिरहेका छैनन्। यात्रुहरू दैनिक जोखिम मोलेर यात्रा गर्न बाध्य भएका छन्।

## कालोपत्रे अधुरै



ढिलासुस्ती र सुस्त गतिका कारण आजसम्म काम पुरा हुन सकेको छैन।

# कालोपत्रे भए पनि बिग्रेको छ सडक

रुकुमपूर्व खण्डमा मध्यपहाडी लोकमार्ग ५५ किलोमिटर फैलिएको छ। भूमे गाउँपालिका–१ लुगुमदेखि सिस्ने गाउँपालिका –६ रानीकोटसम्म ३५ किलोमिटर खण्डमा कालोपत्रे सम्पन्न भएको छ। तर बाँकी रानीकोटदेखि रुकुमपश्चिमको सिमाना खोपीचारसम्म ७ किलोमिटर र लुगुमदेखि बाग्लुङ सिमाना यिरतेता सम्म १३ किलोमिटर गरी २० किलोमिटर खण्ड अझै पनि कालोपत्रे हुन सकेको छैन।

लुगुम–यिरतेता १३ किलोमिटर खण्डको ठेक्का २०७२/०७३ मा सिद्धिशाही प्रकाशरभारत खिन्टी महादेव कन्स्ट्रक्सन जेभीले पाएको थियो। तर आठ–नौ वर्ष बित्दा पनि कालोपत्रे काम अधुरै छ। त्यस्तै, रानीकोट–खोपीचार ७ किलोमिटर खण्डमा कालिका प्यासिफिक जेभीले काम गरिरहेको भए पनि कालोपत्रे भएको ३५ किलोमिटर खण्ड पनि सहज छैन। पहिरो र पानीको निकास नहुँदा भल सडकमा पस्ने गरेको छ। कतिपय ठाउँमा सडक नै हिलाम्य र खाल्डाखुल्डीमा परिणत भएको छ। कालोपत्रेको गुणस्तर कमजोर हुनुका साथै नियमित मर्मत सम्भार नगरेकाले छोटो समयमा नै सडकको अवस्था दयनीय बनेको स्थानीयको गुनासो छ।

यस वर्ष निरन्तर वर्षासँगै पहिरो खस्दा सडक आवतजावतमा थप समस्या आएको छ। सडक साँघुरो भएकाले जहाँ पहिरो खस्छ, त्यहाँ सवारी साधन रोकिने र यात्रुले घण्टौंसम्म पर्खनुपर्ने अवस्था हुन्छ। यात्रुले जोखिम मोलेर यात्रा गर्नु परेको छ भने ठेकेदार कम्पनी फिल्डमै नभएकाले तत्काल पहिरो पन्छाउने काम गर्न गाह्रो हुने गरेको छ।

यसै हप्तामात्रै भूमे गाउँपालिका – ३ र ४ को सिमामा पहिरो खस्दा सडक अवरुद्ध भएको थियो। ससडक पुनः सञ्चालनमा ल्याउन भूमे गाउँपालिकाले आफ्नै पहल गरेको हो। तर यो जिम्मा त राष्ट्रिय गौरव आयोजनाको कार्यालयले लिनुपर्ने हो। उता सो सडक हेर्ने जिम्मा लिएको कार्यालय भने स्थानीय सरकारकव मुख ताकेर बसेको छ। मध्यपहाडी लोकमार्ग आयोजनाको कार्यालय दैलेखमा रहेको छ। तर सो कार्यालयले अवरुद्ध सडक खोल्नदेखि लिएर ठेकेदारको निगरानी गर्नसम्म कुनै चासो भने देखाएको छैन्। उल्टै सम्पर्क गर्न खोज्दा जिम्मेवार अधिकृतहरूको मोबाईल फोनसमेत अफ हुने गरेको प्रमाण तथ्य रहेको छ।

# स्थानीय सरकारको मुख ताक्दै नागरिक

ठेकेदार कम्पनी फिल्डमा नभएकाले सडक खुलेर सवारी साधन सञ्चालनमा ल्याउन स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग हारगुहार गर्नुपर्ने बाध्यता भएको छ।

यसले पनि आयोजना कार्यालयको कमजोरी र गैरजिम्मेवारीपन झल्काएको छ। स्थानीय सरकारले गाउँपालिका भित्र रहेका बस्तीहरुमा ग्रामीण सडक सुचारु गर्ने र नयाँ सडक खोल्न ब्यस्त रहे पनि राष्ट्रिय गौरव आयोजनाहरुले गाउँपालिकालाई हस्तान्तरण काम ढिला सुस्तीको कारण गर्न सकेको छैन्। नागरिकले भने ठेकेदारको लापरबाही, आयोजनाको उदासीनता र सरकारको ढिलासुस्तीको मार खेप्नु परेको छ। लाखौं रुपैयाँ खर्चेर बनाइएको सडक हिलाम्य र खाल्डाखुल्डीमा परिणत हुँदा एकातिर सरकारको लगानी खेर गइरहेको छ भने अर्कोतर्फ नागरिकले राहतको साटो अझै बढी सास्ती भोग्नुपरेको छ। रुकुमपूर्व खण्डमा रहेको राष्ट्रिय गौरव आयोजनाअन्तर्गतको मध्यपहाडी लोकमार्ग र सहिदमार्ग आजसम्म पनि अधुरो र अव्यवस्थित छ। ठेक्का पाएका निर्माण कम्पनीहरूले समयमै काम नगरेर आयोजना अलपत्र पारिरहेका छन् भने बनेका खण्डमा समेत गुणस्तरहीन काम, नियमित मर्मत–सम्भार नहुँदा सडक दयनीय अवस्थामा पुगेको छ। यसले सरकारको लगानी खेर गएको छ मात्र होइन, सर्वसाधारण नागरिकले सुरक्षित र सहज यातायात सुविधा पाउन नसक्दा दैनिक सास्ती भोग्न बाध्य छन्। पहिरो, हिलो र खाल्डाखुल्डीले यात्रु जीवन नै जोखिमपूर्ण बनेको छ। स्थानीय सरकार र जिल्ला प्रशासनले बेला–बेला पहल गरे पनि दीर्घकालीन समाधान त्यसरी सम्भव छैन। जबसम्म जिम्मेवार निकाय, आयोजना कार्यालय र ठेकेदार कम्पनीहरूले आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्दैनन्, तबसम्म मध्यपहाडी लोकमार्ग “राष्ट्रिय गौरव” होइन, “जनताको पीडा”को पर्याय बनेर रहने देखिनछ।

# चुङ्गुरी खर्क घोषणापत्र सार्वजनिक व्यवस्थापनमा जोड



❖ *सासाहिक संवाददाता रुकुमपूर्व*

रुकुमपूर्वको भूमे गाउँपालिका–१ स्थित चुङ्गुरी खर्क लेकमा नेपाल वन प्राविधिक संघ लुम्बिनी प्रदेशको बैठक सम्पन्न भई ६ बुँदे 'चुङ्गुरी खर्क घोषणा पत्र २०८२' सार्वजनिक गरेको छ। भदौ १४ गते सम्पन्न उक्त बैठकमा प्रदेश भरिका वन प्राविधिक, डिभिजन वन कार्यालयका प्रतिनिधि, स्थानीय सरोकारवाला, जनप्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति थियो। सहभागी सबै पक्षबीच व्यापक छलफलपछि सर्वसम्मत रूपमा घोषणा पत्र जारी गरिएको हो। डिभिजन वन कार्यालय रुकुमपूर्वका कार्यालय प्रमुख गणेश बहादुर खड्काका अनुसार घोषणा पत्रले लुम्बिनी प्रदेशमा अवलम्बन गरिएको वन संवर्धन प्रणालीलाई आधार मानेर पहाडी र हिमाली क्षेत्रमा समेत वन व्यवस्थापन कार्यक्रमलाई विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएको छ। यसले वन क्षेत्रको उत्पादकत्व र गुणस्तर सुधार गर्दै प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउने मात्र नभई वातावरणीय सन्तुलन र जलवायु परिवर्तन न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ। घोषणा पत्रले दिगो वन व्यवस्थापनलाई आधुनिक र प्रभावकारी बनाउन अत्याधुनिक प्रविधि प्रयोग गर्नुपर्नेमा जोड दिएको छ।



ई–बिडिङ प्रणालीमार्फत काठ तथा अन्य वन उत्पादनको बिक्री–वितरणलाई पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन सकिने, ड्रोन प्रविधि र स्पाइ क्यामराले अवैध कटानी, चोरी–शिकार तथा वन डढेलो नियन्त्रणमा मद्दत गर्ने र व्यवस्थित सफ्टवेयर प्रणालीले तथ्याङ्क व्यवस्थापनलाई सहज बनाउने उल्लेख छ। यसले वन क्षेत्रसँग सम्बन्धित निर्णय प्रक्रिया तथ्यपरक र वैज्ञानिक आधारमा गर्न सघाउने अपेक्षा गरिएको छ। घोषणा पत्रमा प्रदेशभित्र ‘स्वतन्त्र वन परिषद्’ स्थापना गर्न आवश्यक कानुनी व्यवस्था र संस्थागत संरचना निर्माण गर्न प्रदेश सरकार र वन तथा वातावरण मन्त्रालयलाई विशेष आग्रह गरिएको छ।

यस्तो परिषद्ले वन प्राविधिकहरूको पेशागत मर्यादा कायम गर्ने, आचारसंहिता पालना सुनिश्चित गर्ने, नियमन गर्ने र वन व्यवस्थापनलाई दीर्घकालीन रुपमा सुदृढ बनाउन योगदान पुऱ्याउने उल्लेख छ।

घोषणा पत्रले हालका दिनमा वन प्राविधिकहरूलाई लक्षित विभिन्न आक्रमण, अनधिकृत हस्तक्षेप र भ्रामक प्रचारका कारण कार्यस्थलमा काम गर्न कठिनाइ भएको उल्लेख गरेको छ। यस्तो अवस्थामा पनि वन प्राविधिकहरूले आफ्नो पेशागत जिम्मेवारी, इमानदारी र साझा दृष्टिकोणसहित एकताबद्ध भएर दिगो वन व्यवस्थापनमा योगदान दिनुपर्ने आह्वान गरिएको छ।

चुङ्गरी खर्क घोषणा पत्रमा जैविक विविधता, प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाले भरिपूर्ण यस क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने विषयलाई विशेष प्राथमिकतामा राखिएको छ। पर्यावरणमैत्री, दिगो र अर्गानिक पर्यटन अभ्यासलाई अघि बढाउँदै चुङ्गरी खर्कलाई राष्ट्रियस्तरको आकर्षण बनाउन सकिनेमा विश्वास व्यक्त गरिएको छ। यसका लागि प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य र संयुक्त पहल आवश्यक रहेको औंल्याइएको छ।

नेपाल वन प्राविधिक संघ लुम्बिनी प्रदेशले जारी गरेको घोषणा पत्रमार्फत दिगो वन व्यवस्थापन, कानुनी शासन र पर्यावरण संरक्षणलाई प्राथमिकतामा राख्दै प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालयहरू, स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायबीच सहकार्य र साझेदारी आवश्यक रहेको उल्लेख गरिएको छ।

डिभिजन वन कार्यालय रुकुमपूर्वका अनुसार, घोषणा पत्रले वन व्यवस्थापनसँगै वन संरक्षण, जैविक विविधता संवर्धन, वातावरण संरक्षण र ग्रामीण भौगोलिक क्षेत्रको आर्थिक उन्नयनलाई जोड दिन सफल भएको छ। यसले प्रदेश मात्र नभई देशभरका वन क्षेत्रको व्यवस्थापन र संरक्षणमा नयाँ दृष्टिकोण र कार्यदिशा दिने विश्वास गरिएको छ।

# अर्गानिक जिल्लाको दिशामा रुकुमपूर्व




❖ ***सासाहिक संवाददाता रुकुमपूर्व***

रुकुमपूर्वलाई अर्गानिक जिल्लामा रुपान्तरण गर्ने सामूहिक प्रतिबद्धतासहित आन्तरिक निरीक्षकका लागि पुनर्ताजगी तालिम सम्पन्न भएको छ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्वको आयोजनामा भदौ १८ देखि २० गतेसम्म तीन दिनसम्म रुकुमकोटमा रहेको बि.एल.बि होटलमा सञ्चालित उक्त तालिममा जिल्लालाई साँच्चिकै अर्गानिक बनाउन आवश्यक आधार, रणनीति र कार्यदिशाबारे विस्तृत छलफल गरिएको छ।

कार्यालयका अनुसार तालिमले आन्तरिक निरीक्षकहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ। तालिममा विषादी तथा रासायनिक प्रयोगको निगरानी, अर्गानिक उत्पादनका मापदण्ड, निरीक्षण प्रक्रिया, किसानलाई प्राविधिक परामर्श दिने तरिका, उत्पादनको प्रमाणीकरण र बजारसम्म पुऱ्याउने रणनीति लगायत विषयमा व्यावहारिक ज्ञान प्रदान गरिएको छ।

कार्यक्रमको समापन समारोहमा प्रमुख जिल्ला अधिकारी सीता परियारले किसान र कृषि

**समाचार**

वर्ष ७ अङ्क ०७ २०८२ भाद्र २२ आईतबार

प्राविधिकको चासोले रुकुमपूर्वलाई अर्गानिक जिल्लाको दिशामा नजिक्याएको बताउनुभयो। उहाँले आलु, सिमी, स्याउ लगायतका उत्पादनले रुकुमपूर्वलाई अन्तर्राष्ट्रिय स्तरसम्म चिनाउन सक्ने विश्वास व्यक्त गर्नुभएको हो।

कार्यक्रमका मुख्य प्रशिक्षक तथा ओसीएन नेपालका निर्देशक भोला कुमार श्रेष्ठले बाह्य मूल्यांकन मात्र भरपर्न नसकिने भएकाले आन्तरिक निरीक्षकहरुको भूमिका महत्वपूर्ण हुनेमा जोड दिनुभयो। उहाँले जुम्लाको स्याउ अर्गानिक प्रमाणित भई विश्व बजारसम्म पुगेको उदाहरण दिँदै रुकुमपूर्वका आलु, सिमी, मह, कोदो, फापर र जडीबुटीलाई पनि त्यस्तै ब्रान्डिङ गर्न सकिने धारणा राख्नुभयो।

पुथा उत्तरगंगा गाउँपालिकाका अगुवा कृषक जिताराम कामीले किसानमा अझै चेतना अभाव रहेको भन्दै स्थानीय सरकारले यसमा गम्भीर ध्यान दिनुपर्नेमा जोड दिनुभयो। त्यस्तै भूमे गाउँपिकामा कार्यरत कृषि प्राविधिक शिखर विश्वकर्माले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै जिल्लाका प्राविधिक र किसानलाई अझ धेरै तालिम, कार्यशाला र छलफल आवश्यक रहेको बताउनुभयो। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्वका प्रमुख डिल्लीराज पौडेलले जिल्लामा उत्पादन हुने वस्तुको लेबलिङ र ब्रान्डिङ गर्ने कार्य अगाडि बढाइएको र किसानलाई नै जिम्मेवार बनाउने गरी सचेतना कार्यक्रमलाई निरन्तरता दिइरहेको जानकारी दिनुभयो। पुथा उत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकाका कृषि प्राविधिक, अगुवा किसान र सहकारी व्यवस्थापकहरुले जिल्लालाई साँच्चिकै अर्गानिक जिल्ला बनाउने अभियानमा आ–आफ्नो तर्फबाट इमानदारीपूर्वक योगदान गर्ने प्रतिबद्धता जनाएका छन्।

नेपालमै पहिलो अर्गानिक जिल्ला घोषणा भएको जुम्ला अहिले विश्व बजारमा “हिमाली अर्गानिक स्याउ” को नामले परिचित भएको छ भने सिन्धुली र दुधे क्षेत्रमा समेत अर्गानिक तरकारी र अदुवा ब्रान्डमार्फत बजार विस्तार भइरहेको छ। यस्ता उदाहरणबाट रुकुमपूर्वले पनि आफ्ना उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सक्ने विश्वास गरिएको छ। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलको अध्यक्षतामा सुरु भएको उक्त कार्यक्रममा प्रमुख आतिथ्यता प्रमुख जिल्ला अधिकारी सीता परियार, विशेष आतिथ्यतामा ओसीएन नेपालका निर्देशक भोला कुमार श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा नेपाल पत्रकार महासंघ रुकुमपूर्वका सचिव निराजन सिर्पाली, कृषि प्राविधिक, अगुवा कृषकलगायतको उपस्थिति रहेको थियो। सहजीकरण कार्यालयका अधिकृत थलबहादुर बस्नेतले गर्नुभएको थियो।

# प्रहरीको पहलमा चुनबाङ–घोराही सडक सञ्चालनमा

***साप्ताहिक संवाददाता रुकुमपूर्व***



लगातारको अविरल वर्षाले खसेको पहिरोका कारण अवरुद्ध भएको रुकुमपूर्वको भूमे गाउँपालिका –९ चुनबाङ गैरिगाउँ बजारदेखि घोराहीतर्फ जाने महत्वपूर्ण सडक खण्ड सञ्चालनमा आएको छ। सडक सञ्चालनमा आएसँगै स्थानीयवासी र यात्रुहरूले ठूलो राहत पाएका छन्। केही दिनयता परेका मुसलधारे वर्षाले जिल्लाभित्रका धेरै स्थानमा साना–ठूला पहिरो खसेका थियो।


सोही क्रममा चुनबाङ गैरिगाउँ बजार नजिकै सडकमा ठूलो मात्रामा ढुंगा र माटो खस्दा सवारी साधनको आवतजावत पूर्ण रूपमा अवरुद्ध भएको थियो। सडक बन्द भएपछि विद्यालय जाने विद्यार्थीदेखि व्यापारी, बिरामी बोकेर हस्पिटल जानुपर्नेहरू, दैनिक रोजगारीमा हिंड्ने सर्वसाधारण सबैलाई कठिनाइ भएको थियो। यात्रुहरू घण्टौं पैदल हिंडेर गन्तव्यमा पुग्न बाध्य भएका थिए भने बजारका आपूर्ति व्यवस्थामा समेत समस्या भएको थियो। सो परिस्थितिमा इलाका प्रहरी कार्यालय चुनबाङले तत्काल पहल गरेको छ। प्रहरी निरीक्षक मोहनकुमार खड्काको कमाण्डमा करिब १० जनाको प्रहरी टोली परिचालनमा सडकमा खसेका ढुंगा–माटो हटाउने कार्य सुरु गरिएको थियो। सडक सञ्चालनमा आएलगत्तै यात्रुहरू खुशी भएका छन्। पैदलै घण्टौं हिंड्नुपर्ने बाध्यता हटेको र प्रहरीको तत्काल कदमले नागरिकाई ठूलो राहत दिएको स्थानीयवासीले बताएका छन्।

सडक अवरुद्ध हुँदा अत्यावश्यक सामग्री ल्याउन नसक्दा गाउँमा दैनिक जीवन अस्तव्यस्त भएको थियो। तर सडक खुलेसँगै बजारमा चहलपहल बढेको छ। व्यापारीहरूले अब सामान आपूर्ति सहज हुने आशा व्यक्त गरेका छन्। प्रहरी निरीक्षक खड्काले जनताकै समस्यालाई ध्यानमा राखेर तत्काल कदम चालिएको बताएका छन्।

"जनताको सहज आवतजावत र सुरक्षालाई प्राथमिकता दिएर हामीले सडक खुलाउने पहल गरेका हौं। यसमा स्थानीयको सहयोग पनि महत्वपूर्ण रह्यो," उनले भने। चुनबाङ–घोराही सडक खण्ड रुकुमकोट हुँदै दाङको घोराही जोड्ने मुख्य मार्ग मानिन्छ। यो मार्गले रुकुमपूर्वका बासिन्दालाई तराई क्षेत्रसँग जोड्ने मात्र होइन, व्यापारिक गतिविधि र सामाजिक सम्बन्धलाई समेत सहज बनाएको छ।

# लोकसेवा र आधारभूत कम्प्युटर कक्षा निरन्तर





भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष.: ०८२।०८३
सूचना नं. : 70

**नि:शुल्क आयोग तयारी कक्षा सञ्चालन हुने सम्बन्धी सूचना !**
(सूचना प्रकाशन मिति : २०८२/०५/१५ गते ।)

भूमे गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस गाउँपालिका क्षेत्रभित्र बसोबास गरिरहेका इच्छुक नागरिकहरुलाई सरकारी सेवामा आकर्षित गर्ने हेतुले नि: शुल्क लोकसेवा आयोग (नायब सुब्बा र खरिदार तथा सहायक पाँचौ र चौथो), शिक्षक सेवा आयोग तथा अध्यपन अनुमति पत्र (आधारभूत तह) र आधारभूत कम्प्युटर (३ महिने) तयारी कक्षा सञ्चालन हुन गइरहेकोले उक्त तयारी कक्षा लिन चाहने योग्यता पुगेका इच्छुक व्यक्तिले तपसिल बमोजिमका सर्त तथा आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक सर्तहरु :**

- भूमे गाउँपालिकाभित्र स्थायी बसोबास भएको तर यस गाउँपालिकाभित्र कुनै पनि कार्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई यो सर्त लागू नहुने,
- आवश्यक क्षेत्रको लागि तोकिएको शैक्षिक योग्यता पुगेको,
- अन्य सर्तहरु तथा मापदण्डहरु लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**आवेदनसँगै पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. आवेदन फाराम
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,

साथै तयारी कक्षा लिने व्यक्तिले खान, बस्ने व्यवस्था स्वयं आफैले गर्नुपर्ने छ र कक्षा सञ्चालन तथा अन्य व्यवस्थापन सम्बन्धी सूचना पछि प्रकाशन गरिने छ ।

नोट:आवेदन फाराम कार्यालयको वेवसाइट www.bhumemun.gov.np वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क नम्बर : ९७६२५२७११०,९७६२५२७१११,९७६२५२७१२०,९७६२५२७१२१**

(देवीलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०,
इमेल: ito.bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

***सासाहिक संवाददाता रुकुमपूर्व***

भूमे गाउँपालिकाले विगतका वर्षदेखि नै स्थानीय युवाहरूलाई लक्षित गरी लोकसेवा आयोग तयारी कक्षा र आधारभूत कम्प्युटर तालिम सञ्चालन गर्दैं आएको छ।गाउँपालिकाको वार्षिक कार्ययोजना अन्तर्गत सञ्चालन हुने यो कार्यक्रमले ग्रामीण भेगका विद्यार्थी, शिक्षक तथा रोजगारी खोजिरहेका युवालाई ठूलो अवसर प्रदान गर्दैं आएको छ।गाउँपालिकाका अनुसार, निःशुल्क रुपमा उपलब्ध गराइने लोकसेवा तयारी कक्षाबाट धेरै युवाहरू लाभान्वित हुँदै आएका छन्।सो कक्षामा सहभागी भएकामध्ये कतिपयले विभिन्न सरकारी सेवामा प्रवेश पाइसकेका छन् भने कतिपयले अझ थप अध्ययन र तयारीलाई निरन्तरता दिइरहेका छन्।

यस्तै, आधारभूत कम्प्युटर तालिमले युवाहरूलाई सूचना प्रविधि सिक्न र दैनिक जीवनयापन तथा रोजगारीमा आवश्यक सीप हासिल गर्न मद्दत पुऱ्याएको छ।गाउँपालिकाले कक्षा सञ्चालनका लागि योग्य प्रशिक्षक परिचालन गर्दैं आएको छ।गाउँपालिकाले जारी गरेको सूचनामा भनिएको छ, "शिक्षा र सीप अभिवृद्धि नै ग्रामीण क्षेत्रको विकासको आधार हो, त्यसैले पालिकाले निरन्तर रुपमा युवाहरूलाई सक्षम बनाउने कार्ययोजना अघि बढाउँदै आएको छ।"गाउँपालिकाले पालिकाभित्रका सबै विद्यार्थीलाई प्राविधिक क्षेत्रको बारेमा दक्ष बनाउँदै उनीहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने उद्देश्यले निःशुल्क कम्युटर कक्षा

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि निम्न कुरामा ध्यान दिऔं ।**

- ❑ नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं।
- ❑ खुला दिसा नगर्नें, प्रयोगशाला वा शौचालय प्रयोग गरौं।
- ❑ प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं।
- ❑ छोराछोरीलाइं विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं।
- ❑ घरेलु हिंसा, मदिरा दुरूपयोग र लैंगिक विभेदको विरुद्ध आवाज उठाऔं।
- ❑ अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं।
- ❑ स्थानीय सरकारद्वारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔं।
- ❑ समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं।

सजग नागरिक – समृद्ध गाउँपालिका ।


**भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
खाबाङबगर, रुकुम पूर्व

ल्याईएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भएको छ।शिक्षामा समानताको कुरा गरिए पनि विद्यार्थीलाई अझैपनि कम्युटरसँग खेल्न पाएका छैन, कम्युटर सिकाइको अवसर पाउन सकेका छैनन् यो निरास जनक विषय हो।कतिपय विद्यार्थीले भने निजी तालिम केन्द्रमा गएर कम्युटर सिक्दा विद्यार्थीले महँगो शुल्क तिनुपर्ने बाध्यता संगै रुकुमकोटमा कोठा भाडा लिएर कम्त्युटर पढ्ने विद्यार्थीको पिडालाई बुझेर दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाले लोकसेवा र निःशुल्क कम्त्युटर पढाउने योजना बनाईएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।आगामी दिनमा पनि आवश्यकताअनुसार तालिम र तयारी कक्षा निरन्तर गर्ने गाउँपालिकाको प्रतिबद्धता रहेको जनाएको छ।

# गाउँपालिका द्वारा प्रहरी चौकीमा सिसिटिभी जडान

❖ *जालकुमार सुनार*

भूमे गाउँपालिका–६ महतस्थित महत प्रहरी चौकीमा गाउँपालिकाको आर्थिक सहयोगमा तीनवटा सिसिटिभी (CCTV) क्यामेरा जडान गरिएको छ।गाउँपालिकाले सार्वजनिक सुरक्षा सुदृढीकरण गर्ने



उद्देश्यले प्रहरी चौकीलाई उक्त उपकरण उपलब्ध गराएको हो।प्रहरी चौकीका इन्चार्ज तुलसिराम चौधरीका अनुसार सिसिटिभी जडान भएपछि गाडी तथा मोटरसाइकलको गतिविधि नियमन गर्न सहज हुने बताउनुभयो।

रातको समयमा लापरबाहीपूर्वक हिँड्ने व्यक्तिहरूलाई निगरानीमा ल्याउन पनि सुविधा पुग्ने चौधरीले बताउनुभयो।सिसिटिभीले अपराध नियन्त्रणमा मात्र होइन, घटनाको अनुसन्धानमा पनि ठोस प्रमाण जुटाउन सहयोग पुऱ्याउने बताउनु भएको छ।सुरक्षामा प्राथमिकता दिएको भन्दै गाउँपालिका प्रति आभार व्यक्त गर्नुभएको छ।



# किन आवश्यक छ उत्पीडित जातिलाई समाजवादी क्रान्ति ?

❖ *उपेन्द्रलाल कामी*

**बिषय प्रवेश :** नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा जातीय उत्पीडन ऐतिहासिक संरचनागत समस्या हो। दलित, आदिवासी जनजाति परिभाषित उत्पीडित जातिहरु र महिला, मधेसी तथा गरिब किसान–मजदुरले शताब्दीयौंदेखि राज्यसत्ता, सम्पत्ति र अवसरबाट वञ्चित रहँदै आएको यथार्थ छ। उत्पीडित जातिले आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक मुक्ति प्राप्त गर्न साधारण सुधार वा दान–खैरातले पुग्दैन, बरु संरचनात्मक परिवर्तन आवश्यक हुन्छ। यश आलेखमा समाजवादी क्रान्ति उत्पीडित जातिहरुको लागि किन अपरिहार्य आवश्यकता बनेको छ ? भन्ने बिषयमा केही चर्चा गर्न खोजिएको छ।

**१. आर्थिक शोषणको अन्त्यको लागि :** हिन्दु सामन्ती आर्य शासकीय जात ब्यवस्थाको तहगत असमानताको जातीय संरचना र बिभेदकारी संस्कृतिले उत्पीडित जातिहरूलाई प्रायः भूमिहीन किसान, दैनिक ज्यालादार मजदुर वा सस्तो श्रममा निर्भर रहन बाध्य बनाएको छ। अहिलेको दलाल पूँजीवादी र सामन्ती प्रणालीले उनीहरूको श्रम शोषण गर्छ, तर प्रतिफल नगण्य हुन्छ। समाजवादी क्रान्तिले उत्पादनका साधन (भूमि, उद्योग, स्रोत) माथि श्रमिक वर्गको स्वामित्व स्थापना गराउँछ, जसले आर्थिक अवसरमा समान पहुँच बनाएर र उत्पीडित जातिको जीवनस्तर माथि उठाउँछ।

**२. सामाजिक समानताको लागि :** जातीय भेदभाव अझै पनि विभिन्न रूपमा विद्यमान छ – छुवाछूत, हेपाहा प्रवृत्ति, विभेदपूर्ण व्यवहार। समाजवादी क्रान्तिले जात, वर्ग, लिङ्ग वा क्षेत्रीय आधारमा हुने सबै प्रकारका विभेद अन्त्य गरी सबैलाई समान अधिकार र सम्मान दिने समाज निर्माण गर्न खोज्छ। खास गरि मानवतावादी सोंचमा आधारित सामाजिक न्याय सहितको मूल्यमान्यतालाई समाजवादी क्रान्तिले मात्रै स्थापित गर्न सक्दछ।

**३. राजनीतिक सशक्तिकरणको लागि :** इतिहासमा उत्पीडित जाति सधैं राज्यसत्ता र निर्णय प्रक्रियाबाट बाहिर राखिएका छन्। विभिन्न समयमा भएका

राजनीतिक आन्दोलन/ जनक्रान्तिले केही हदसम्म उत्पीडित जातिहरुमा राजनीतिक सचेतना एवं जागरण ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको भएता पनि राज्यसत्तामा उत्पीडित जातिको अर्थपूर्ण सहभागिता र नेतृत्व बिकास सहितको राजनीतिक अवसर प्रदान गरिएको छैन। समाजवादी क्रान्तिले सत्ता–संरचनालाई आम जनतामा, विशेषतः श्रमिक र उत्पीडित समुदायमा हस्तान्तरण गर्छ। यसले उत्पीडित जातिलाई आफ्नै जीवनसँग सम्बन्धित निर्णयमा प्रत्यक्ष सहभागी हुन सक्ने बनाउँछ।

**४. सांस्कृतिक रुपान्तरण र पहिचानको लागि :** हिन्दु सामन्ती आर्य शासकीय जात ब्यवस्थाले सृजना गरेको एकल जाति–समुदायको वर्चस्वका कारण उत्पीडित जातिहरूको भाषा, संस्कार, कला र संस्कृतिलाई दबाइयो। धर्म-संस्कृतिको नाममा रुढीबादी, अन्धविश्वासलाई पश्रय दिने र बैज्ञानिक चेतनालाई निरुत्साहित गर्ने खालको शिक्षा दिइएको हुँदा बिभेदकारी संस्कृतिले हाम्रो समाजमा नराम्ररी जरो गाडेको छ। समाजवादी क्रान्तिले बिभेदकारी संस्कृतिलाई रुपान्तरण गर्दै सबै जातिको अस्तित्व र मौलिक पहिचानलाई सम्मान गर्ने वातावरण सिर्जना गर्छ, जसले उनीहरूको आत्मसम्मान पुनःस्थापना गर्छ।

**५. ऐतिहासिक अन्यायको परिमार्जनको लागि :** उत्पीडित जातिले शताब्दीयौंदेखि सहनु परेको अन्याय, अत्याचार, शोषण र अपमान केवल कानुनी सुधार वा असमान अवसरको “कोटा” मार्फत मात्र सम्बोधन हुन सक्दैन। यसको समाधान सम्पूर्ण संरचनात्मक अन्यायलाई भत्काएर नयाँ समाज निर्माण गर्ने क्रान्तिकारी मार्गद्वारा मात्र सम्भव हुन्छ। यसको लागि पनि उत्पीडित जातिलाई समाजवादी क्रान्ति अपरिहार्य आवश्यकता बनेको छ।

**निष्कर्ष** : उत्पीडित जातिको वास्तविक मुक्ति भनेको सामाजिक सम्मान, आर्थिक समृद्धि, राजनीतिक शक्ति र सांस्कृतिक पहिचानमा समान हैसियत प्राप्त गर्नु हो। यो लक्ष्य पूँजीवादी सुधारवादी मार्गद्वारा सम्भव छैन, किनभने पूँजीवादले त्यो संरचनात्मक असमानतालाई जस्ताको तस्तै कायम राख्छ। त्यसैले उत्पीडित जातिको मुक्ति र समतामुलक समाज निर्माणको लागि समाजवादी क्रान्ति अपरिहार्य बनेको हुँदा अब समाजवादी क्रान्तिका लागि संगठित भएर उत्पीडित जातिले नै अगुवाइ गर्नुपर्ने भएको छ।



# स्थानीय स्तरमा पशु पालनको महत्व, संभावना र वर्तमान अवस्था



❖ ***नारायण ओली***

मुलुकको आर्थिक विकासमा एक तिहाइ योगदान कृषिको रहेको छ।कुल कृषि क्षेत्रको योगदानमा पशुपालन क्षेत्रको योगदान एक चौथाई छ।जसमा भैसिपालनको योगदान कुल लाइभस्टक ग्रास्थ उत्पादनमा ५० प्रतिशत भन्दा बढि छ भने गाईपालन क्षेत्रको योगदान भने १४ प्रतिशत मात्र रहेको छ।

पशुपालनको कुरा गर्दा पशु जन्य उत्पादनमा सबै भन्दाबढि योगदान भैंसीको देखिन्छ। भैंसीपालनलाई हाम्रो समाजमा केवल आर्थिक दृष्टिकोणबाट मात्र नभएर सामाजिक पक्षबाट पनि त्यति कै महत्वपूर्ण मानिन्छ।नेपामा दुध आयातको अवस्था हेर्दा भारत लगायत अन्या तेस्रो मुलुकबाट दिनानु दिन आयात वढिरहेको अवस्थामा पशुपालन क्षेत्रमा प्रेरेरित भएर लाग्ने हो भने अन्या क्षेत्रको भन्दा पनि फाइदा देखिन्छ।

किनकी हाम्रो देशको दूर्घकालिन शोच भनेको नेपाललाई दुध तथा दूग्ध जन्य पदार्थ वा वस्तुमा आत्मानिर्भर वनाउने रहेको छ।एक जना मानिसलाई प्रति वर्ष ९० लिटर दुध आवश्यक पर्ने गर्दछ भने नेपालले वार्षिक ७१ लिटर दुधको मात्रा उपभोग गरिरहेको तथ्याङ्क छ।दुध सबै उमेर समूहका मानिसहरूको लागि उपयुक्त खाद्य वस्तु हो त्यसैले पशुपालनको महत्व वढि छ।दुध उत्पादनमा भैसिको योदान ६५ प्रतिशत छ भने मासु उत्पादनमा योगदान ५५ प्रतिसत रागाँ भैसिको छ।स्वस्थ्यका दृष्टिकोनले मानिसको लागि पाचनशिल योग्य दुध भैसिको हुने गर्छ।नेपाल लगाएत अन्या मुलुकमा भैसिपाल्ने र दुध दुहुने चलन ढुङ्गे युग देखि चलनमा आएको मानिन्छ।नेपालमा आधुनिक तसिकाबाट भैसिपालनको सरुवात अठारौं शताव्दीबाट भएको हो।

नेपालको परिवेशमा पशु पालन क्षेत्रलाई आर्थिक क्षत्र विकाश गर्ने आधारका लगि पाचौ पञ्चबर्षिय योजना वा वि।स।२०४१÷४२ साततिरबाट मात्र अगाडि सारेको आंकडा छ।नेपालको परिपक्षमा पशुपालन क्षत्रमा सबै भन्दा बढि योगदान पुरुष भन्दा महिलाको छ। यस क्षत्रमा महिलाको योगदान ७० प्रतिशत छ भने पुरुषको यागदान ३० प्रतिशत छ।कृषि श्रममा महिलाले ९ घण्टा र पुरुषले ५ घण्टा मात्र योगदान गरेको पाइन्छ।यस क्षेत्रलाइ प्रकृतिक प्रकोपबाट पनि केहि हदसम्म टाढा राख्न सकिने व्यवसाय भएको हूदा फाइदाजनक , सजिलो व्यवसाय र सबै परिवारको संलग्नता हुने व्यवसाय हो।

यस व्यवसायमा जुनसकै प्रकृतिक प्रकोपबाट हुने क्षेतिको क्षेतिपूर्ति कृषकहरुलाई सहजै उपलव्ध गराउन कृषि तथा पशुपंक्षि विमाको सरकार देखिनै व्यवस्था छ।नेपालमा गाइका संख्य ७४,१३,१९७ भए पनि दुहुना गाइको संख्या १,२३,०६१ मात्र छ।नेपालमा भैसिको कुल संख्या ५१,३२,९३१ छ जसमा दुधालु भेसिको संख्या भने १६,६६,८२७ मात्र छन।नेपालमा दुध उत्पादनको तथ्याङ्क हेर्दा कुल वार्षिक २५,६६,६१४ मे।टन उत्पादन हुन्छ।जसमा गाइको दुध उत्पादन ११,०१,८१२ मे टन ४२ प्रतिशत र भैसिको दुध उत्पान १४,६४,८०२ मे टन ५७ प्रतिशत हुने गरेको छ।

जुन उत्पादन भएको दुध जम्मा ३० प्रतिशत मात्र कृषकले बिक्री गर्ने गर्छन अरु सबै कृषक आफ्नो घरदैलोमा उपयोग गरेको देखिन्छ।नेपालमा दुध स्नकलन तथा प्रशोधन वि।स।२०१० सालदेखि भएको हो।दुग्ध विकास सस्थानले ३२ जिल्लाका कृषकले उत्पादन गरेको दुध संकलन तथा प्रसोधन गरि विभिन्न परिकारको रुपमा बजारीकरण गर्दै आएको छ।

हाल यस सस्थाको सहयोग मागेर स्थानिय निकाएले दुध संकलन तथा चिश्यान केन्द्रको स्थापना गरि गाउँमा उत्पादित दुधको बजारिकरण गर्न सकिनछ।नेपालमा भैसिको दुधबाट कुराउनी, छूर्पी, मोरेक्जेला चिज,घिउ, दहि,आइसक्रिम लगाएतक परीकार बनाउन सकिन्छ।मासु उत्पादनमा भैसीको योगदान महत्वपूर्ण मानिन्छ।नेपालमा उत्पादन हुने मासुमा सबै भन्दा धेरै योगदान भैसीपालन व्यवसायको छ।

नेपालमा कुल मासु उत्पादन ५,१२,७८८ मे टन हुन्छ भने भैसी पालन क्षेत्रबाट १,९४,०९० मे टन मासु उत्पादन हुन्छ।जुन कुल मासु उत्पादनको ३७ प्रतिशत योगदान हो।भैसीको मासुबाट पनि विभिन्न परिकारहरु तयार गरि आयआर्जन गर्न सकिन्छ।

रुकुम पूर्व एक हिमाली जिल्ला हो।यो जिल्ला पशुपालन व्यवसायमा निर्हित क्षत्र हो।यहाँ वसोवास गर्ने मानिसहरुले धेरै जसो गाई र भैसी पालन व्यवसाय गरि केहि मात्रामा दुध उत्पादन गरि स्थानीय बजारमा बिक्रि गर्ने गर्दछन।यहाँ आवश्यक पर्ने ८० प्रतिशत दुध अन्य जिल्लाहरुबाट आयात हुन्छ।रुकुम पूर्वमा पशुको संख्या धेरै भयता पनि यहाँ अनउत्पादक पशुको संख्या धेरै छन।रुकुम पूर्वमा गाईको संख्या ३२९५१ रहेको छ र भैसीको

संख्या ४६९० रहेको छ। यो संख्या राष्ट्रिय कृषि गनना २०८० को प्रारम्भिक नतिजा हो। यो नतिजामा पनि केही त्रुटी देखिन्छ। यो संख्यामा १० प्रतिशत पशुले मात्र दुध उत्पादन देखिन्छ। प्रसस्त मात्रामा चरन क्षत्र रहेको रुकुम पूर्वमा पशुपालन व्यवसायको राम्रो सम्भावना देखिन्छ। विदेश पलायन हुने जनशक्तीलाई  स्थानीय स्तरमा उपयोग गर्ने निती, नियम र गुरुयोजना तयार गर्न जरुरी देखिन्छ। यो कुरा स्थानीय जनप्रतिनिधीहरुको भिजन र क्षमतामा पनि भर पर्ने देखिन्छ।

यदि रुकुम पूर्वलाई मासू र दुधमा आत्मनिर्भर बनाउने हो भने पशुपालन व्यवसायलाई प्राथमिक्ता दिई आवश्यक प्रने पूर्वाधार तयार गर्नुपर्छ। यसका लागि संधिय,प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयास गर्नु पर्छ। यहाँ घाँस उत्पादनका लागि आवश्यक चरन प्रस्स्त छ। यहाँ कुल क्षेत्रपल मध्ये १०५३ हे जमिन ओगटेको छ र यसलाई उपयोग गर्ने युवा लक्षित कार्यक्रमहरु तयार गरी बजारका लागि आवश्यक पूर्वाधारहरु विकास गर्नुपर्दछ। हामि स्वस्थ्य हुनका लागि प्रत्यक वर्ष  १४ के जी मासू, ४८ गोटा अण्डा र ९० लि दुध उपभोग गर्नुपर्ने हुन्छ तर यहाँ यसको संख्यामा १० प्रतिशत पनि उपलब्धता छैन।

भूमे गाउँपालिका पशुपालन व्यवसायका लागि सम्भावना बोकेको गाउँपालिका हो। यहाँ २५० हे जमिन चरण क्षेत्रले ओगटेको छ। यसलाई उपयोग गर्नका लागि व्यवसायिक योजना बुनेका स्थानीय युवा र स्थानीय सरकारको कार्यक्रम हुन जरुरी देखिन्छ। यहाँ गाईको संख्या १०९२६ र भैसीको संख्या १६८४ रहेका छन्। जसमा १० प्रतसशत पशुले मात्र दुध उत्पादन गर्ने गर्दछन्।

यहाँ दुध भन्दा धेरै मासु उपयोग गरिन्छ। मासूका लागि प्रत्यक वर्ष २० लाग बराबरका भैसीहरु आयात गरिन्छ। जुन भैसी पश्चिम क्षेत्रबाट आयात गरिन्छ। भूमे गाउँपालिकामा ३५४० घर परिवारले पशुपालन गरेका छन। यो कुल घर परिवारको ९० प्रतिशत हो। अति धेरैले पशुपालन गरे पनि उत्पादन भनेकम छ। किनभने यहाँको व्यवसायिक मानसिक्ताको कमी छ। कृषि संग सम्बन्धित निती नियम फितलो छ। प्रमूख कारण त सबैको नजरिया प्रदपेशी भूमीमै बैदेशिक रोजगारका लागि जाने छ।